# संचारिका
## फिचर सेवा

वर्ष १३, अङ्क १६ साउन/भदौ July 2012


नेपालमा लैङ्गिक हिंसा सदियौँदेखि कायम छ। सामान्यतया लैङ्गिक हिंसा भन्नाले लिङ्गको आधारमा हुने हिंसालाई बुझाउँछ। नेपालमा पुरुषभन्दा महिला भएकै कारणले हुने हिंसाको मात्रा अत्यधिक भएका कारणले यहाँ लैङ्गिक हिंसाको कुरा गर्दा महिलामाथिको हिंसाको रूपमा लिने र बुझ्ने गरिएको छ। लैङ्गिक आधारमा हुने हिंसाको सबैभन्दा पुरानो स्वरूप घरेलु हिंसालाई मानिन्छ र घरेलु हिंसाका पनि अनेक रूपहरू छन्। नेपालमा लैङ्गिक हिंसाको न्यूनीकरणका लागि प्रयासको थालनी चन्द्रशमशेरका पालामा (सन् १९२०) सतीप्रथाको उन्मूलनबाट भएको थियो भन्न सकिन्छ। त्यसपछिका दिनहरूमा हिंसाका बदलिँदा स्वरूपसँगै लैङ्गिक हिंसाका विरुद्ध विभिन्न सामाजिक अभियान तथा कानुनी प्रयासहरू जारी छन्।

महिला र सञ्चारको क्षेत्रमा कार्यरत सञ्चारिका समूहले आफ्नो स्थापनाकालदेखि नै लैङ्गिक हिंसाविरुद्धको अभियानलाई महत्वका साथ अगाडि बढाइरहेको छ। यो फिचर सेवा यस अभियानको एउटा हिस्सा हो।

**महिलाको इतिहास मूलतः मौनताको इतिहास हो। हाम्रा धेरै आमा, हजुरआमाले आफूमाथि भएका अन्यायलाई चुपचाप सहे, हामी यसलाई तोडौँ !!**

# सम्बोधन भएन यौनहिंसा

**जनयुद्धताका द्वन्द्वरत पक्षहरूले सूचना प्राप्त गर्न, आतङ्कित पार्न र सजाय दिनका लागि महिलाविरुद्ध यातना, करणी र यौनजन्य हिंसालाई रणनीतिक साधनका रूपमा प्रयोग गरेका थिए ।**

**टीका विष्ट**

शान्तिप्रक्रियामा प्रवेश गरेपछि सरकारले द्वन्द्वको पीडा कम गर्न पीडितको वर्गीकरण गरी क्षतिपूर्ति र राहतको कार्यक्रम ल्याएको छ । द्वन्द्वपीडितलाई लक्षित गरेर सशक्तीकरणका लागि विभिन्न कार्यक्रम ल्याए पनि द्वन्द्वावस्थामा महिलामाथि भएको यौनहिंसालाई कुनै रूपले पनि सम्बोधन गरिएको छैन । राज्यले विस्थापित, एकल महिला, सहिद परिवार, बेपत्ता, द्वन्द्व प्रभावित बालबालिका, टुहुरा बालबालिका, सम्पत्ति कब्जा, कुटपिट, घाइतेलगायतका शीर्षकमा लागत सङ्कलन गरेको छ र सोहीअनुरूप विभिन्न राहत तथा क्षतिपूर्तिका कार्यक्रम अगाडि सारेको छ । तर, द्वन्द्वकालमा यौनहिंसामा परेका महिलाको भने न त तथ्याङ्क छ न त उनीहरूले कुनै प्रकारको राहत र क्षतिपूर्ति नै पाएका छन् ।

माओवादी समर्थकको आरोपमा ०५८ पुस १५ गते कपिलवस्तुमा सुरक्षाकर्मीको पक्राउमा परेकी एक महिलाले त्यतिबेला आफूले पाएको विभिन्न शारीरिक तथा मानसिक हिंसा सम्झँदै भनिन्, 'शारीरिक चोट त निको भयो तर मनमा लागेको चोट र अपमानको पीडा अहिलेसम्म भुल्न सकेकी छैन ।' त्यतिबेला उनी यौनहिंसाको सिकार बनेकी थिइन् । शान्तिप्रक्रियापश्चात् सभासद्समेत भएकी उनी द्वन्द्वकालमा महिलामाथि भएको यौनहिंसा कुनै रूपमा सम्बोधन हुन नसकेकोमा दुःखी छिन् । पटकपटकको पक्राउ र जेल सरुवामा उनलाई यातनाका अनेक शैली अपनाएर दुःख दिइएको थियो ।

त्यतिबेला सुरक्षाकर्मीबाट पाएको यातना सम्झँदै उनले भनिन्, 'एक दिन सबै महिलालाई लुगा खोलेर घोप्टो पर्न लगाइयो र शरीरको पूरै भागमा पाँच-सातचोटि सिस्नोले हानियो ।' उनका अनुसार सुरक्षाकर्मीले 'जा खाना खाएर आ अनि हामीसँग सुत'जस्ता शाब्दिक दुर्व्यवहार गरिरहन्थे । पटकपटक गिरफ्तारीमा परेकी उनको सम्झनामा अझै त्यतिबेलाका अपहेलित र हिंसाजन्य शब्दहरूले पिरोलिरहन्छन् ।

कपिलवस्तुकै कोपिला सुनार (नाम परिवर्तन) लाई पनि द्वन्द्वका बेला खपेको यौनहिंसाका घटनाले पिरोलिरहन्छ । काकाका बारेमा सोध्ने भन्दै ०६२ भदौ १७ गते साँझ घरबाटै माओवादीले लिएका थिए उनलाई । नातेदार भेट्न आउँदा माओवादीले कोपिलालाई खाटमा घोप्टो परेर सुत्न लगाउँथे र भाँचिएको लट्ठी दुवै खुट्टाको बीचमा घुसारेर गोडा फट्याउन लगाउँथे । त्यसपछि उनको गोडामा टेक्थे । कोपिला भन्छिन्, 'खुट्टालाई काठको मुढामा राख्न लगाए र मुढालाई नलीखुट्टामा गुडाए । एकजना मेरो छातीमा चढी र अरूले फलामको रडले हत्केला तथा पाइतलामा हिर्काए, पानीपानी भनेर कराउँदा पानी खानसमेत दिइएन ।'

उनलाई विभिन्न तरिकाले यातना दिने माओवादीले द्वन्द्वपीडितको नाममा राहत र क्षतिपूर्ति पाउँदा दबिएको उनको हिंसा ताजै भएर आउँछ । 'मैले पाएको यातना र हिंसा कसैले कतै सम्बोधन गरेन, तर कसले सुन्छ मेरो कुरा ?' उनले भनिन् । माओवादीले उनको सुनको यार्लिङ र नाडीघडी लिएबापत सात हजार क्षतिपूर्ति दिए । त्यसपछि न कतैबाट उनले क्षतिपूर्ति पाएकी छिन् न कतै उजुरी नै गरेकी छिन् ।

जनयुद्धताका द्वन्द्वरत पक्षहरूले सूचना प्राप्त गर्न, आतङ्कित पार्न र सजाय दिनका लागि महिलाविरुद्ध यातना, करणी र यौनजन्य हिंसालाई रणनीतिक साधनका रूपमा प्रयोग गरेका थिए । द्वन्द्वका दौरान स्वेच्छाचारी थुना र यातनाका घटनालाई थुप्रै मानवअधिकार सङ्घ-संस्थाले राम्ररी अभिलेखीकरण गरेका छन् तर माओवादी र सुरक्षाफौजद्वारा बन्दी बनाइएका महिला र अन्य महिलामाथि भएका यौनजन्य हिंसा र उत्पीडनको खासै अभिलेखीकरण भएको छैन ।

झन् सरकारी निकायसँग त यसको कुनै तथ्याङ्क छैन । द्वन्द्वकालमा गम्भीर मानवअधिकार उल्लङ्घन भएपछि ०५७ जेठ १३ मा स्थापना भएको राष्ट्रिय मानवअधिकार आयोगमा करिब १५ सयभन्दा

बढी उजुरी यातनाका मात्रै छन् । हाल अनुसन्धानको क्रममा आठ सय ७३ वटा यातनाविरुद्धका उजुरी छन् । यीमध्ये ६ सय ८९ उजुरी राज्यपक्षसँग सम्बन्धित छन् भने एक सय ८४ उजुरी तत्कालीन नेकपा माओवादी पक्षसँग सम्बन्धित छन् । महिलाको यौनहिंसासँग सम्बन्धित उजुरी आयोगले छुट्याएको छैन । आयोगका प्रवक्ता गौरी प्रधान भन्छन्, 'जसरी बेपत्ता, सहिद, यातना, घाइते, विस्थापित, अपाङ्गलगायतका द्वन्द्व प्रभावितहरूको 'क्याटगोरी' बनाइयो । यस्तै, महिला तथा बालबालिकामा भएको यौनहिंसालाई पनि उठाइनुपर्थ्यो । तर, त्यस्तो हुन सकेन' ।

एड्भोकेसी फोरमले सन् २००१ देखि २००६ को अवधिमा जम्मा ४१ वटा करणीका मुद्दाको अभिलेखीकरण गरेको छ । जसमध्ये माओवादीद्वारा ६४ वटा यातना र चारवटा करणी भएका छन् भने तत्कालीन शाही नेपाली सेनाले २५ वटा करणी गरेको तथ्याङ्क छ । द्वन्द्वका दौरान माओवादीले भारी वस्तुले प्रहार गरी खुट्टा तथा हड्डी भाँच्नेजस्ता यातनाको तरिका प्रयोग गरेका थिए भने सेना र प्रहरीले महिलाको योनीमा बन्दुक वा लट्ठी घुसार्ने, बुट लगाएर उनीहरूको शरीरमाथि कुल्चिने, स्तन तथा संवेदनशील अङ्गहरूमा हिर्काउने वा त्यस्ता अङ्गहरूमा करेन्ट लगाउने, आँखामा पट्टी बाँधेर हातखुट्टा बाँधी करणी गर्ने, निर्वस्त्र हुन बाध्य गराउने, अश्लील शब्दको प्रयोग गर्ने र यौनशोषणको धम्की दिनेजस्ता यातनाविधि अपनाएको अध्ययनले देखाएको छ ।

विशेषगरी सैनिक ब्यारेकहरूमा थुनामा राखिएका पीडितसम्मको पहुँचमा सामना गर्नुपर्ने विभिन्न कठिनाइ र अवरोधका कारण यस्ता प्रकृतिको घटनाको लगभग १० प्रतिशत मात्र अभिलेखीकरण गर्न सकेको एड्भोकेसी फोरमका अध्यक्ष मन्दिरा शर्माले बताइन् । 'हिरासतमा मात्रै होइन, द्वन्द्वकालमा यातना पाएका, बलात्कृत भएका महिलाका पीडालाई राज्य र राजनीतिक दलले सम्बोधन गर्न नसक्नु झनै ठूलो दुर्भाग्य हो,' उनी भन्छिन् । द्वन्द्वकालमा माओवादीलाई सखाप पार्ने अभियानमा सरकारले सन् २००१ नोभेम्बरमा सेना परिचालनपश्चात् तत्कालीन शाही नेपाली सेना र सन् २००३ र २००६ को बीचमा प्रहरी र सेनाअन्तर्गतको संयुक्त सुरक्षाफौजद्वारा व्यापक रूपमा यौनजन्य हिंसा भएको एड्भोकेसी फोरमको प्रतिवेदनमा उल्लेख छ ।

महिला, शान्ति र सुरक्षाका विषयमा संयुक्त राष्ट्रसङ्घको प्रस्ताव नम्बर १३२५ ले महिला, शान्ति र सुरक्षाबारे र १८२० ले सशस्त्र द्वन्द्वको बेला हुने यौनहिंसाका सबै स्वरूपलाई निषेध गरी सम्बद्ध सबै पक्षलाई यौनजन्य हिंसा तत्काल बन्द गर्न आग्रह गरेको छ । यसको कार्यान्वयनका लागि सरकारले ०६७ माघ १८ गते राष्ट्रिय कार्ययोजनासमेत बनाएको छ । शान्ति तथा पुनर्निर्माण मन्त्रालयले समन्वय गरेको सो कार्ययोजनाले द्वन्द्वपूर्व, द्वन्द्वको समय र द्वन्द्वपश्चात् महिलामाथि लैङ्गिक तथा यौनजन्य हिंसा भएको स्वीकार गर्दै त्यस्ता हिंसापीडितको तथ्याङ्क सङ्कलन गरी राहत तथा क्षतिपूर्तिका कुराहरू अगाडि बढाउने कुरा समेटेको छ । कार्ययोजना कार्यान्वयन समितिका संयोजक साधुराम सापकोटाका अनुसार अन्य घटनाका बारेमा प्रसस्त निवेदन पर्ने गरे पनि यौनहिंसाका विषयमा भने घटनाहरू दर्ता हुने गरेका छैनन् । उनले भने, 'महिलाको सवालमा यौनहिंसाको पाटो अत्यन्त जटिल विषय हो, जसलाई सम्बोधन गर्नका लागि विशेष संयन्त्र नै जरुरी हुन्छ जस्तो लाग्छ । महिला, शान्ति र सुरक्षासँग सम्बन्धित संयुक्त राष्ट्रसङ्घीय प्रस्ताव नं. १३२५ र १८२० को कार्ययोजनालाई कार्यान्वयन गर्न सरकार प्रतिबद्ध छ ।'

*साभार : संचारिका फिचर सेवा*

*(टीका सौर्य दैनिकसँग सम्बद्ध पत्रकार हुन्)*

# प्रजनन भूमिकासँग जोडिएको सेना समायोजनको सवाल

**शान्तिप्रक्रियाको महत्वपूर्ण पाटो मानिएको सेना समायोजनको काम अन्तिम चरणतिर पुगेको भए पनि यसले मूर्तरूप दिँदासम्म अनेक उतारचढाव देखिए । ती उतारचढाव पुरुषको भन्दा महिलाको सवालमा फरक ढङ्गले रहे । सेनाको विभिन्न पदमा रहेर राष्ट्रको सेवा गर्ने सपना बोकेका धेरै महिला लडाकुले बच्चा जन्मिएका कारण 'सैनिक'को परिचयबाट अलग हुनुपर्‍यो ।**

✍ **लक्ष्मी बस्नेत**

माओवादीका लडाकु शिविर खाली गराएर शान्तिप्रक्रियाको महत्वपूर्ण पाटो मानिएको सेना समायोजनको काम अन्तिम चरणतिर पुगेको भए पनि यसले मूर्तरूप दिँदासम्म अनेक उतारचढाव देखिए । ती उतारचढाव पुरुषको भन्दा महिलाको सवालमा फरक ढङ्गले रहे । सेनाको विभिन्न पदमा रहेर राष्ट्रको सेवा गर्ने सपना बोकेका धेरै महिला लडाकुले बच्चा जन्मिएका कारण 'सैनिक'को परिचयबाट अलग हुनुपर्‍यो ।

चितवन शक्तिखोरको चौथो मुख्य शिविरअन्तर्गत कृष्णसेन स्मृति ब्रिगेडको नेतृत्व गरेकी ब्रिगेड कमान्डर कल्पना नहर्की 'सपना'का अनुसार समायोजन प्रक्रियाका क्रममा महिलाको विशेष अवस्थालाई कमजोरी ठानियो । बच्चा जन्माएकै कारण वा लडाकु महिलासँग सानो बच्चा भएकै कारण उनीहरू स्वेच्छिक अवकाश वा पुनर्स्थापना रोज्न बाध्य भए । समायोजन प्रक्रियामा महिलाका लागि विशेष व्यवस्था गरिनुपर्नेमा त्यस्तो गरिएन । त्यसैले धेरै लडाकु आमाले समायोजन रोजेनन् । सपनाले भनिन्, 'सेना समायोजनजस्तो महत्वपूर्ण कुरामा महिलाको रोजाइ आफ्नो 'करियर' बन्ने वातावरण सिर्जना गरिनुपर्थ्यो । सेना समायोजन विशेष समितिअन्तर्गतको सचिवालय संयोजक बालानन्द शर्माका अनुसार पहिलोपटक गरिएको लडाकु वर्गीकरणबाट एक हजार ३२ जनाले समायोजन रोजेकोमा पछिल्लोपटक गरिएको पुनर्वर्गीकरणको दोस्रो चरणबाट दुई सय ६० जनाले मात्र समायोजन रोजेका छन् ।

वर्षौंसम्म घामपानीमा काम गरेर समायोजनको बेला आएपछि महिला पन्छिनुको एक मात्र कारण महिला हुनुको अर्थमा उनीहरूले निर्वाह गर्नुपर्ने विशेष भूमिका अर्थात् बच्चा जन्माउनु नै हो । महिलाको प्रजनन भूमिकालाई लिएर विश्वमा धेरै बहस भएका छन् । नेपालमा पनि यसलाई फरक दृष्टिकोणबाट हेरिनुपर्छ भनेर विशेष अवस्थाका लागि विशेष व्यवस्थाको कुरा उठ्ने गरेको छ तर यसले सेना समायोजनको सवालमा भने खासै फरकपन ल्याउन सकेन ।

महिलाको सवालमा अन्य राजनीतिक दलहरूले भन्दा नेकपा माओवादीले फरक नीति तय गरी त्यसलाई लागू गर्ने अपेक्षा गरिएको थियो । चाहे त्यो पार्टीमा होस् या लडाकुका सवालमा तर जे सोचिएको थियो त्यो हुन सकेन । माओवादीभित्र रहेर वर्षौं राजनीतिक सङ्घर्ष गरेका महिलाले त्यस कुराको महसुस गर्न पाएका छैनन् । लडाकु व्यवस्थापनसँगै समायोजन प्रक्रियालाई उदाहरण मान्ने हो भने लडाकु महिलाले बच्चा जन्माउनु वा आमा बन्नलाई उनीहरूको कमजोरी नै हो भैँ गरी लिइयो । स्वेच्छिक अवकाश रोजेकी एकजना लडाकु भन्छिन्, 'एक दिन क्रान्ति सफल होला र सम्मानजनक हैसियतमा आफूले रोजेको ठाउँमा सपरिवार बस्न पाइएला भन्ने लागेको थियो, तर नसोचेको परिस्थिति बन्यो ।' ०५४ सालमा माओवादीमा प्रवेश गरेकी उनी अहिले स्वेच्छिक अवकाश रोजेर श्रीमान्को घरमा छिन् । पहिलोपटक श्रीमान्को घरमा पाइला टेकेकी उनले भनिन्, 'श्रीमान् समायोजनमा जानेतिर पर्नुभएको छ, म फर्किएँ, वर्षौंदेखि फरक दिनचर्यामा बसियो, हेरौं जीवन कसरी अगाडि बढ्छ ।' ब्रिगेड कमान्डर सपनाका अनुसार 'दूधे वा काखेबच्चा भएकै कारण माओवादी लडाकु महिलाले समायोजनमा जाने चाहना हुँदाहुँदै पनि गुमाउनुपरेको छ । १० वर्षे सशस्त्र युद्धमा ४० प्रतिशत महिला लडाकु भएको कुरा माओवादी नेतृत्वले सगर्व बताउँदै आएको थियो । समायोजनसम्म पुग्दा यो प्रतिशत भरेर कहाँ पुग्यो भन्ने कुरालाई भने कसैले पनि महत्व दिएको पाइँदैन ।

लडाकु महिला भन्छन्, 'यत्तिका वर्ष जीवनलाई त्यत्तिकै दाउमा राखेर हिँडिएछ भनेर अहिले आत्मग्लानि हुने गर्छ।

राज्य संरचनाका हरेक क्षेत्रमा ३३ प्रतिशत महिलाको सहभागिता हुनुपर्ने कुरा संविधानमै लिपिबद्ध हुनुपर्छ भनेर आवाज उठिरहेको बेला सेना समायोजनमा पनि सहभागिताको सवाललाई प्रमुख रूपमा लिइनुपर्थ्यो भन्छन् अधिकारकर्मीहरू। तर, उनीहरूले पनि अन्य विषयलाई जुन महत्व दिएका छन्, समायोजनको मुद्दा कमै मात्रामा उठाएको पाइन्छ। माओवादीकै कमान्डरहरूले यसलाई त्यति महत्व दिएनन् भन्नेहरूको सङ्ख्या ठूलो छ। जनमुक्ति सेनाका प्रवक्ता चन्द्रप्रकाश खनाल बलदेव भन्छन्, 'जनमुक्ति सेनामा महिलाको उपस्थिति र भूमिकालाई कम आँक्न मिल्दैन। तर, महिलाको प्रजनन भूमिकाले पनि 'करियर'लाई फरकचाहिँ पार्दोरहेछ। अन्ततः बच्चा हुर्काउने जिम्मा आमाकै हुने रहेछ, हामीलाई महिला लडाकुबारे चिन्ता र चासो नभएको होइन, उनीहरूलाई कसरी व्यवस्थापन गर्ने भन्नेबारे हामीले पटकपटक छलफल गरेका हौँ तर ती छलफल हामीबीचमै सीमित रहे, कार्यान्वयन गर्न सकिएन। हरेक निर्णयहरू दलीय सहमतिमा भएकाले महिला लडाकुका मुद्दा गौण बने।' बलदेवका यी भनाइले समायोजनका सवालमा महिलाका मुद्दा ओझेलमा परेको कुरालाई स्वीकार गरेका छन्। शिविरमा गइसकेपछि अधिकांश लडाकु महिलाले बच्चा जन्माएको आफूहरूले पाएको विशेष समितिका सचिवालय संयोजक शर्माले बताए। पछिल्लोपटकको पुनर्वर्गीकरणको क्रममा आउने त झन् दुईतिहाइभन्दा बढी नै बच्चासहित थिए, पोलियो थोपा खुवाउने ठाउँ हो कि भन्ने भान पनि हुन्थ्यो, शर्माको स्थलगत अनुभव छ।

शान्तिप्रक्रियाका विभिन्न चरणमा जुन रूपमा महिलाको सहभागिता हुनुपर्ने हो त्यो हुन सकेन। विभिन्न सम्झौता गर्दा होस् या उच्चस्तरीय समिति गठन गर्दा महिलाको भूमिकालाई सधैं नजरअन्दाज गरियो। सोही कुराको निरन्तरता लडाकु समायोजनले पनि पायो। महिला लडाकुले वर्षौंसम्म गरेको सङ्घर्षलाई उनीहरूको प्रजनन भूमिकासँग जोडेर छायामा पारियो।

माओवादी नेतृ जयपुरी घर्ती भन्छिन्, 'यस्ता कुरा सरकार र पार्टी नेतृत्वलाई भन्दाभन्दा हामी थाकिसक्यौँ, पुरुषहरू अन्ततः पुरुषवादी चिन्तनकै हुँदारहेछन्, हाम्रो पार्टीमा पनि यस्तै देखियो।' पार्टीले पनि धेरै लडाकु महिला बच्चाको आमा भएकाले दम्पतीमध्ये श्रीमान् समायोजनमा श्रीमती स्वेच्छिक अवकाश लिन लगाउने गरी आन्तरिक रूपमा निर्देशन दिएको एकजना ब्रिगेड कमान्डरले बताए। सुरुमा ४० प्रतिशत महिला लडाकु छन् भने पनि प्रमाणीकरणसम्म आइपुग्दा महिला लडाकुको सङ्ख्या करिब पाँच हजार मात्र थियो। प्रतिशतका हिसाबले यो सङ्ख्या साढे १५ प्रतिशत हो। प्रमाणीकरणका क्रममा १९ हजार ६ सय दुईजना लडाकु योग्य ठहरिएकामा तीन हजार आठ सय ४६ जना महिला थिए।

*साभार : संचारिका फिचर सेवा*

*(लक्ष्मी रेडियो पत्रकार हुन्)*

# सडकमा कानुनी शासन

**ट्राफिक नियम उल्लङ्घन गर्नेहरू थापाथलीमा महिला ट्राफिक प्रहरी भनेपछि डराउँछन्। ट्राफिक नियमको पालनामा अलिकति पनि तलमाथि हुन नदिईकन सडकमा 'कानुनी शासन' कायम गरेका कारण उनीहरूको सम्मान पनि त्यत्तिकै छ।**

**✍ प्रतिमा बाँस्कोटा**

सहरमा महिलालाई जिस्क्याउनु सामान्यजस्तै मानिन्छ। एकान्त र सुनसानमा पाए भने दुर्व्यवहार गर्न पनि पछि नपर्ने सहरमा महिलाको एउटा यस्तो समूह छ, जोसँग पुरुषहरू डराउँछन्। ती महिला आफू निडर मात्र छैनन् अरूलाई अनुशासनमा राख्न पनि सफल भएका छन्। कसैले कानुन तोडेर भाग्न खोजे आफ्नो ज्यान जोखिममा पारेरै भए पनि कारबाही गर्छन्। उनीहरू हुन्- थापाथली प्रभागका महिला टाफिक प्रहरी। बिहान पाँच बजे नै ड्युटीमा पुग्ने ट्राफिक प्रहरी राति १२ बजेसम्म खट्छन्।

ट्राफिक नियम उल्लङ्घन गर्नेहरू थापाथलीमा महिला ट्राफिक प्रहरी भनेपछि डराउँछन् । ट्राफिक नियमको पालनामा अलिकति पनि तलमाथि हुन नदिईकन सडकमा 'कानुनी शासन' कायम गरेका कारण उनीहरूको सम्मान पनि त्यत्तिकै छ ।

ड्युटीमा खटिने हरेक महिला ट्राफिक प्रहरीले सडकमा सवारी चलाउने कोही न कोहीसँग झगडा गर्नैपर्ने हुन्छ । 'गल्ती गर्छन्, कारबाही गर्न खोज्यो झगडा गर्छन्, दिनैपिच्छे झगडा पर्छ,' एक वर्षदेखि थापाथलीको ट्राफिक व्यवस्थापनमा खटिएकी २१ वर्षीया ट्राफिक प्रहरी जवान हीरा भट्टराई भन्छिन्, 'उनीहरूकै सुरक्षाका लागि ट्राफिक नियम पालना गर भन्यो उल्टै झगडा गर्छन् ।' त्यहाँ काम गर्ने धेरै महिला ट्राफिक प्रहरी घाइते भएका छन् । कसैको खुट्टा, कसैको हात त कसैको टाउको फुटेको छ । तर पनि उनीहरू हिम्मत हार्दैनन् । 'सुरक्षा क्षेत्रमा जागिर खान आएपछि चुनौतीको सामना त गर्नैपर्‍यो नि,' उनले भनिन्, 'प्रहरीको जागिर नै चुनौतीबाट मुक्त छैन ।' झापाको चन्द्रगढी घर भएकी भट्टराई परिवारकी जेठी छोरी हुन् । एसएलसी पास गरेर क्याम्पस जान लागेका बेला प्रहरीमा भर्ना खुलेपछि उनी जागिर खान आएकी थिइन् । परिवारकी जेठी छोरी भएकीले उनीमाथि पारिवारिक खर्च धान्नुपर्ने जिम्मेवारी थियो । सो जिम्मेवारीकै कारण पढाइलाई एकातिर पाखा लगाएर उनी प्रहरीमा भर्ना भएकी थिइन् । प्रहरीको एकवर्षे तालिम सकिएपछि विभागले उनलाई ट्राफिकतर्फ खटायो । दैनिक कम्तीमा आठ घन्टा ड्युटीमा खटिनुपर्छ । कहिले-कहिले त ड्युटी समय बढेर १४ घन्टा पनि पुग्छ ।

महिला प्रहरीलाई सक्षम बनाउन ०६३ सालदेखि थापाथली प्रभागमा महिला प्रहरी मात्र खटाउन थालिएको हो । त्यहाँ सबै महिला प्रहरी मात्रै छन् । 'टिमवर्क'ले काम गरेकाले यो प्रभावकारी भएको प्रभाग इन्चार्ज प्रहरी नायव निरीक्षक इन्दिरा बस्नेत बताउँछिन् । काममा खटिने समूहको समय फरकफरक छ । बिहान पाँच बजेदेखि १० बजेसम्म एउटा समूह सडकमा जान्छ । १० देखि तीन बजेसम्म अर्को समूह जान्छ । यस्तै, तीनदेखि आठसम्म अर्कोले गर्छ । राति आठ बजेदेखि १२ बजेसम्म अर्को बस्छ । रातको समयमा भने त्रिपुरेश्वर र थापाथली चोकमा मात्र ड्युटी गर्ने गरिएको छ ।

प्रहरी जवान रीता चौधरी उक्त सडकमा खटिने ट्राफिकमध्ये एक हुन् । सेतो टोपी, आकाशे रङको सर्ट, नीलो पाइन्ट, कालो जुत्ता र मुखमा सिटी राखेर सेतो पञ्जा लगाएर सिटी फुक्छिन् । सवारीचालकहरू उनले फुकेको सिटी सुनेर अनुशासित हुँदै सडकको मर्यादा पालना गर्छन् । कतिचाहिँ सुनेको नसुनी अटेरी गर्ने पनि भेटिन्छन् । केही दिनअघि कुपण्डोलबाट माइतीघरतर्फ जाँदै गरेको एउटा स्कुटरचालकले हाफ हेलमेट लगाएका थिए । त्यसको पनि फित्ता बाँधेका थिएनन् । चालकको पछाडि उनकी श्रीमती बसेकी थिइन् । चौधरीले उनलाई रोकेर चिट काट्न खोजिन् । श्रीमान्-श्रीमती त यसरी कराए कि छेउछाउका मान्छेको रमितै लाग्यो । त्यति मात्र होइन, चालकले मुख्य सडकमै स्कुटर रोकिदिँदा बाटो पूरै अवरुद्ध भयो । कार्यालय छुट्ने समय भएका कारण जाम लामो भयो । उनले ह्यान्डिल लक गरेको स्कुटर घचेट्दै अलि पर लगेर राखिन् । ती श्रीमान्-श्रीमतीद्वय ठूलोठूलो स्वरले कराइरहेका थिए । उनले चिट काटिन् र हातमा थमाइदिइन् । स्कुटर पनि राखिदिइन् । भोलिपल्ट उनका श्रीमान् आएर पैसा तिरेर स्कुटर लिएर गए । 'हाफ हेलमेट लगाएका छन्, त्यो पनि फित्ता नबाँधी, फित्ता बाँध तिमीहरूकै सुरक्षाका लागि हो भन्दा उल्टो झम्टिन्छन्,' उनले भनिन् ।

ट्राफिक महाशाखाले महिला प्रहरीलाई नेतृत्वका लागि सक्षम बनाउन थापाथलीमा महिला मात्रै राखिदिएको हो । थापाथली ट्राफिकले माइतीघर मण्डला, त्रिपुरेश्वर, टेकु, कुपण्डोल पुल, प्रसूतिगृहलगायतका क्षेत्र हेर्छन् ।

सवारीचालकहरू थापाथलीका महिला ट्राफिक भनेपछि किन डराउँछन् ? इन्चार्ज बस्नेत भन्छिन्, 'महिला नियममा कडा हुन्छन् । कुनै प्रकारको लापरबाही उनीहरूलाई मन पर्दैन । कानुनको पालना गर्दा वा त्यहीअनुसार गर्न लगाउँदा कडा भनिएको हो । हामी नियम-कानुनका सवालमा सम्झौता गर्दैनौँ ।'

रातको नौ बजेपछि सहरका सडक पनि सुनसान हुन्छन् । एक्लै हिँडडुल गर्न जो पनि डराउँछन् । पाकेटमार अन्य असुरक्षाका कारण एक्लै हिँड्दैनन् । तर, रातको समयमा पनि यी महिला ट्राफिक प्रहरी सडक किनारामा निष्फिक्री भएर हिँडिरहेका हुन्छन् । केही समयदेखि प्रहरीले सुरु गरेको मादकपदार्थ सेवक (मापसे) चेकिङमा थापाथलीबाहेकका स्थानमा महिलालाई चेक गरिँदैन । राति सडकमा बस्ने महिला प्रहरी नभएका कारण चेकिङ नगरिएको हो । तर, थापाथलीका महिला प्रहरी सधैं मापसे चेकिङमा पुरुष प्रहरीसँगै उभिएर खटिरहेका हुन्छन् । त्योबाहेक चोक-चोकमा रातको १२ बजेसम्म खटिन्छन् । राति कतै दुर्घटनाको खबर पाए दौडिएर त्यहाँ पुग्छन् । चौबीसै

घन्टा ड्युटीलाई केन्द्रमा राखेर उनीहरू सचेत रहनुपर्छ ।

'डर लाग्दैन ?' प्रश्न सकिन नपाउँदै जवाफ दिन्छिन्, 'अँ हँ लाग्दैन, बर्दीले सबै डर भगाइदिन्छ,' पर्वतको आरथर घर भएकी प्रहरी पुनम गुरुङ भन्छिन्, 'सादा कपडामा बाहिर हिँडेका बेला डर लाग्छ, तर ट्राफिक पोसाक लगाएर सडकमा उभिँदा डर लाग्दैन ।' उनी प्रहरीको पोसाकमा आफूलाई बलियो ठान्छिन् । प्रहरीको लुगा देख्नेबित्तिकै जतिसुकै बद्मास पनि डराउने उनको बुझाइ छ । उनले पनि हीरा र रीतासँगै जागिर खाएकी हुन् । घरकी जेठी छोरी भएकीले तलब आउनेबित्तिकै भाइबहिनीको पढाइ र बाबुआमाका लागि पैसा पठाइदिन्छिन् । बर्दी र जिम्मेवारीले महिलाको आत्मविश्वास बढाएको उनको बुझाइ छ ।

नेपाल प्रहरीमा रहेर ट्राफिक व्यवस्थापनको कार्य सम्हालिरहेका यी महिलाले जागिर खाएर आफूलाई सक्षम र स्वाभिमानी त बनाएका छन् नै पारिवारिक जिम्मेवारीसमेत निभाएका छन् । हाम्रो समाजमा छोरी त घरमै बस्ने हो, बिहे गरेर अर्काको घर जाने जात हो, दिने होइन लिने जात हो भनेर गरिँदै आएको व्याख्यालाई परिवर्तन गर्नका लागि नेपालका महिला ट्राफिक प्रहरी उदाहरण बनेका छन् । नेपाल प्रहरीमा करिब सात प्रतिशत महिला प्रहरीको सङ्ख्या रहेकोमा ट्राफिक व्यवस्थापनमा एक सय ३६ जना महिला सक्रिय छन् ।

*साभार : संचारिका फिचर सेवा*

*(प्रतिमा कान्तिपुर दैनिककी संवाददाता हुन्)*

# इटाभट्टाका महिलाको स्वास्थ्य जोखिममा

**सामान्य अवस्थामा दिसापिसाब रोकेमा पत्थरी, कब्जियत भएर पछि पाइल्स हुनसक्छ । महिनावारीको समयमा प्याड फेर्न नपाउँदा पाठेघरमा इन्फेक्सन हुने, सेतो पानी बग्ने, चिलाउने हुन्छ जसका कारण पाठेघरमा घाउसमेत हुन सक्ने डा. शर्माले बताइन् ।**

**अञ्जली रम्तेल**

विभिन्न पेसा, व्यवसाय र क्षेत्रमा कार्यरत महिलाका लागि छुट्टै शौचालयको व्यवस्था हुनुपर्ने कुरा उठिरहेको बेला उपत्यकामा सञ्चालित इँटाभट्टाहरूमा शौचालयको उचित व्यवस्था हुन नसक्दा त्यहाँका महिला कामदारले निकै समस्या भोग्ने गरेका छन् । उपत्यकावरपर रहेका इँटाभट्टाहरूमध्ये ज्यादै कममा मात्र शौचालयको व्यवस्था छ । खुला ठाउँमा सौच गर्नुपर्दा त्यहाँ काम गर्ने महिला निकै मर्कामा परेका छन् । महिनावारीका समयमा विशेष सरसफाइको आवश्यकता पर्ने भए पनि शौचालय नै नभएकाले दिनभरि पिसाब च्यापेर बस्नुपर्ने अवस्था छ । अधिकांश भट्टा वन-जङ्गलको छेउछाउमा नै निर्माण गरिएकाले यहाँ काम गर्ने सबैजसो नै सौचका लागि जङ्गलतिर जाने गर्छन् ।

पुरुषहरूसँगै काम गर्नुपर्ने भएकाले महिलालाई त्यति सजिलो छैन । सौच गर्न जङ्गलतिर पस्दा पुरुष सहकर्मीले देख्ने हुन् कि भन्ने चिन्ता पनि त्यत्तिकै हुन्छ । पटक-पटक पिसाब लाग्ने डरले कति महिला त दिनभरि पानी नै खाँदैनन् । इँटा बोक्ने र बनाउने काम गर्दा शरीरबाट पसिना बग्ने हुँदा स्वास्थ्यका दृष्टिकोणले उनीहरूले बढी पानी खानुपर्ने हुन्छ । तर, उनीहरू त दिनभरि पानी नै नखाई काम गरिरहेका छन् । भक्तपुरस्थित सरस्वती शक्ति इँटाभट्टामा विगत १२ वर्षदेखि कार्यरत माइली तामाङले भनिन्, 'अरू बेला जस्तो नहुने भएकाले महिनावारीका समयमा सकेसम्म त म दिनभर दिसापिसाब च्यापेर नै बस्ने गर्छु, असाध्यै नसक्ने स्थितिमा भने जङ्गल छिर्छु ।' पिसाब च्यापेर लामो समय बस्नु पनि स्वास्थ्यका दृष्टिले हानिकारक मानिन्छ ।

आफ्नो अभिभावकलाई सघाउन भनेर रामेछापबाट आएकी १६ वर्षीया सञ्जिता श्रेष्ठ पनि महिनावारीका समयमा शौचालय नहुँदा निकै समस्यामा पर्ने गरेको अनुभव सुनाउँछिन् । कक्षा आठमा अध्ययनरत सञ्जिता विद्यालय छुट्टीको बेला आमाबुबालाई सघाउन यहाँ आएकी हुन् । इमाडोलस्थित इँटाभट्टामा काम गर्दै रहेकी उनले भनिन्, 'विद्यालयमा हामीलाई सरसफाइको विषयमा

पढाइन्छ र व्यवहारमा पनि उतार्न लगाइन्छ, महिनावारीका बेला त झनै सरसफाइमा ध्यान दिनुपर्ने हुन्छ, तर यहाँ त शौचालय नै हुँदैन रहेछ, भए पनि असाध्यै फोहोर।' आफ्नो गाउँघरमा यस्तो बेलामा निकै ध्यान दिने गरेको सुनाउँदै उनी भन्छिन्, 'गाउँ भएर के भो त हाम्रोतिर त राम्रो शौचालय र पानीको व्यवस्था छ त्यसैले महिनावारी हुँदा सधैं नुवाइधुवाई र सरसफाइमा विशेष ध्यान दिने गरेकी छु। काठमाडौं भन्ने मात्रै, खै यहाँ त पानी नै नहुने रहेछ।' सरसफाइको कमीले सङ्क्रमण हुन्छ भन्ने जानकारी भएका महिला पनि शौचालय र पानीको अभावले दिनभर त्यत्तिकै काम गर्न बाध्य छन्। ३४ वर्षीया एक महिलाले भनिन्, 'थाहा पाएर मात्र पनि के गर्नु आफ्नो दुःख आफैंसँग छ।'

विद्यालय छुट्टीको समयमा केही आयआर्जन गर्ने र आमाबुबालाई भेट्ने इच्छा राखेर उपत्यका छिरेकी १५ वर्षीया निमा अर्याललाई पनि सो समस्याले निकै सताएको छ। महिनावारी भएका बेला भट्टाको शौचालय अत्यन्त फोहोर र पारदर्शी भएकाले सो शौचालयको प्रयोग गर्नै नसकिने उनी बताउँछिन्। पाका महिलाभन्दा किशोरीहरू खुला शौचालय जान अप्ठ्यारो मान्छन्। निमा भन्छिन्, 'म महिनावारी भएका बेला सौच नै गर्दिनँ। रात परेपछि मात्र साथी वा आमाहरूसँग जङ्गलतिर निस्कन्छु, दिउँसो त मान्छेले देख्लान् भनेर अप्ठ्यारो लाग्छ।'

गह्रौं भारी बोक्नुपर्ने या जे गरे पनि शारीरिक काम नै गर्नुपर्ने भएकाले महिनावारीका बेला बढी रगत बग्छ। रगत बढी जाने हुँदा त्यतिबेला प्रयोग गरिने प्याड वा कपडा दुई-तीन घन्टामा फेरिरहनुपर्ने भए पनि उनीहरू त्यसो गर्न सक्दैनन्। 'ओहो, नछुने त नभए पनि हुन्थ्यो जस्तो लाग्छ,' त्यहाँ कार्यरत महिला भन्छन्। मासिक धर्म महिलाका लागि आवश्यक चक्र हो। तर, जति दुःख भए पनि इँटाभट्टाका महिलाले सामूहिक रूपमा शौचालयको माग भने गरेका छैनन्। 'खै, भए राम्रो हुन्थ्यो तर हुनैपर्छ भनेर त भनेका छैनौं, भने पनि हाम्रो कुरा कसले सुन्ने हो र ?' उनीहरूको भनाइ छ।

महिला मात्र होइन, त्यहाँका पुरुषले पनि शौचालयको समस्या भोग्ने गरेका छन्। तर, पुरुषहरूलाई जता गएर गरे पनि त्यति अप्ठ्यारो लाग्दैन। कामदार होमबहादुर श्रेष्ठले भने, 'दिसापिसाबजस्तो कुरा च्यापेर बस्ने कुरा हुँदैन, त्यसैले हामी त यताउता लागेर गरिहाल्छौँ।' बालबालिका र पुरुषले जहाँ पायो त्यहीं सौच गर्ने भएकाले इँटाभट्टा क्षेत्र अत्यन्त दुर्गन्धित र फोहोर पनि छ। जसले गर्दा यहाँका कामदारलाई झाडापखाला, पेट दुख्नेजस्ता समस्याले सताइरहने गरेको उनीहरूले बताए।

कुनै पनि बहानामा लामो समयसम्म दिसा–पिसाब रोक्नु आफैंमा अत्यन्त खतरनाक भएको बताउँछिन् स्त्रीरोग विशेषज्ञ डा. नूतन शर्मा। सामान्य अवस्थामा दिसापिसाब रोकेमा पत्थरी, कब्जियत भएर पछि पाइल्स हुनसक्छ। महिनावारीको समयमा प्याड फेर्न नपाउँदा पाठेघरमा इन्फेक्सन हुने, सेतो पानी बग्ने, चिलाउने हुन्छ जसका कारण पाठेघरमा घाउसमेत हुन सक्ने डा. शर्माले बताइन्।

भट्टा सञ्चालकहरू भने शौचालय निर्माण गरे पनि कामदारले असाध्यै फोहोर गर्ने र भत्काउने गरिरहने भएकाले शौचालय पुनर्निर्माणतिर ध्यान नदिएको बताउँछन्। भक्तपुरका भट्टा सञ्चालक पुरुषोत्तम प्रजापतिले कामदारकै लापरबाहीका कारण शौचालय निर्माण नगरेको बताए। कामदारले शौचालयको जतनसँग उपयोग नगर्ने बताउँदै उनले भने, 'उनीहरूकै लापरबाहीको कारण शौचालय नबनाएको हो, कतिपटक शौचालय बनाउनु ? जतिपटक बनाए पनि कामदारले शौचालयमा इँटा हालेर फोहोर गर्ने र शौचालय नै भत्काइदिनेसम्मका काम गरेपछि हामीले शौचालयको निर्माणका लागि खासै ध्यान दिएका छैनौं।' तर, कामदारहरू भने यो कुरा स्वीकार गर्दैनन्। महिला कामदार भन्छन्, 'महिलाका लागि छुट्टै शौचालय बनाइदिउन् न हामी कति जतन गर्छौं अनि थाहा भइहाल्छ नि।' उपत्यकामा मात्रै करिब ५० को सङ्ख्यामा इँटाभट्टा रहेका छन्। ती भट्टामा कार्यरत हजारौं कामदारमध्ये आधाभन्दा बढीको सङ्ख्यामा महिला रहेका छन्।

*साभार : संचारिका फिचर सेवा*

*(अञ्जली राष्ट्रिय समाचार समितिमा कार्यरत पत्रकार हुन्)*

# समावेशी नीति भेदभावपूर्ण व्यवहार

**पार्टीप्रमुखहरूले गरेको अन्यायपूर्ण कदमको विरोध गऱ्यो भने पार्टीविरुद्ध बोलेको र पार्टी अनुशासन तोडेको भनेर कारबाही हुने गर्छ । तर, राष्ट्रिय नेताहरूका असन्तुष्टि मिडियाबाट छचल्किँदा भने कुनै अनुशासनले काम गर्दैन ।**

**✍ पुन्य पौडेल**

'म मानव अधिकार र महिला अधिकारको क्षेत्रमा काम गरिरहेको व्यक्ति तर मलाई एउटा गैरसरकारी संस्थामा जिम्मेवारी दिन आनाकानी गरियो र मभन्दा काममा अनुभव नभएको पुरुषलाई काम सुम्पियो किनभने म महिला परेँ ।' दलित मानव अधिकारकर्मीको रूपमा काम गरेर अनुभव संगालेकी चमेली परियार आफू महिला भएकै कारणले अवसर गुमाउनुपरेकोमा यसरी पीडा पोख्छिन् । दलित मानव अधिकारवादी कार्यकर्ता चमेलीलाई बिहान-बेलुका वा जुनसुकै बेला पनि हिँड्नुपर्छ भन्ने बहानामा काम गर्ने अवसरबाट वञ्चित गरियो ।

भूमिकाको आधारमा हेर्दा हाम्रो समाजमा महिला र पुरुषबीच कुनै पनि किसिमको फरक पाइँदैन । समान अस्तित्व हुँदाहुँदै पनि महिलालाई हेर्ने दृष्टिकोणमा भने फरक पाइन्छ । महिला दोहोरो-तेहेरो भूमिकाका बाबजुत सामाजिक जिम्मेवारीबाट पछि हटेका छैनन् । स्वयम्सेवकको रूपमा महिलाले काम गर्दा उनीहरूको 'परफरमेन्स' राम्रो हुने तर तलबी कर्मचारीको रूपमा काम गर्दा भने महिला भनेर टार्ने काम गरिन्छ । यो हाम्रो पितृसत्तात्मक दृष्टिकोणको उपज हो । मानवअधिकार तथा दलित अधिकारकर्मी चमेली परियारको दलित हुनुको पीडा अर्कै छ । अधिकारकर्मी भएर पनि कुरा गर्दै जाँदा अन्तिममा थर सोधेपछि तिमी त... भनेर होच्याएका नमिठा अनुभूतिहरू उनीसँग छन् ।

कुनै पनि पुरुष प्रमुख भएको संस्थाले आयोजना गरेको कार्यक्रममा पदीय जिम्मेवारी सम्हालेकै भए पनि सकेसम्म महिलालाई अध्यक्षता गराइँदैन । आफूभन्दा जुनियर नै सही पुरुष छ भने उसैलाई प्राथमिकता दिइन्छ । राजनीतिक दलमा पनि महिलाप्रतिको व्यवहार त्यस्तै छ । महिलासम्बन्धी कुनै कार्यक्रम भए बोल्न पठाइन्छ, अन्य मूल प्रवाहका विषयहरू भए सहभागिताका लागि समेत पुरुषहरू नै अघि लाग्छन् । समावेशीको जतिसुकै चर्को नारा लगाए पनि व्यवहारमा भने परिवर्तन आएको छैन । राजनीतिक दल र विभिन्न सङ्घ-संस्थाभित्रको पूर्वाग्रही सोचका कारण महिला नेतृत्व पछाडि परेको छ भन्दा अतिशयोक्ति हुँदैन ।

इच्छाशक्ति हुँदाहुँदै पनि आफ्नो क्षमता प्रस्फुटन गर्ने अवसर नपाएर खुम्चिनुपर्ने अवस्था विद्यमान छ । सामन्तवादी समाज र पितृसत्तात्मक सोचका कारण मुख्य जिम्मेवारीबाट महिलालाई पन्छाउने गरिएको माओवादी कास्कीका सहइन्चार्ज कञ्चन खनालको अनुभूति छ । तुलनात्मक रूपले माओवादीमा महिलालाई अवसर दिइए पनि पितृसत्तात्मक सोचको कारण व्यावहारिक रूपमा अवसर नपाउने गरेको उनी बताउँछिन् । माओवादी युद्धकालमा त्यस्तो कुनै अनुभूति गर्नुपरेको थिएन । शान्तिप्रक्रियामा आएपछि महिलालाई अवसर नदिएर कुण्ठित पारिएको छ । मुलुकलाई डोऱ्याउने राजनीतिमा पनि महिलाको भूमिका केवल प्रयोग गर्ने उद्देश्यले हेर्ने गरिन्छ । अर्थात् महिलालाई समावेशीको नाममा देखाउने र आफ्नो अनुकूलको महिलालाई मात्र कुनै पनि पार्टी वा सङ्गठनभित्र समावेश गराइन्छ । ती महिलालाई एउटा सिनियर महिला कार्यकर्ताविरुद्ध प्रयोग गर्न लगाइन्छ अनि महिलाको शत्रु महिला नै हो भन्ने सिद्धान्त बनाइन्छ । यो कुरा आफू प्रयोग हुने महिलाले बुझिरहेका हुँदैनन् । जुनसुकै पार्टीमा पनि प्रायः इन्चार्ज पुरुषहरू नै हुन्छन् । प्रमुख जिम्मेवारी आफूले लिएर महिलालाई काम अह्राउने ती पार्टीप्रमुखहरूले गरेको अन्यायपूर्ण कदमको विरोध गऱ्यो भने पार्टीविरुद्ध बोलेको र पार्टी अनुशासन तोडेको भनेर कारबाही हुने गर्छ । तर, राष्ट्रिय नेताहरूका असन्तुष्टि मिडियाबाट छचल्किँदा भने कुनै अनुशासनले काम गर्दैन । जिल्ला, नगर, गाउँ र वडामा इन्चार्ज भएर वा प्रमुख भएर महिलाले नेतृत्व सम्हाल्ने वातावरण बनाइँदैन । विगतमा भन्दा अहिले राजनीतिमा महिलाको उपस्थिति उत्साहजनक देखिएको छ । महिलाले अहिलेसम्म पनि प्रायः सहायक भएर राजनीतिमा भूमिका निर्वाह गर्ने गरेका छन् । राजनीतिक दलभित्र महिला कि त कार्यकर्ता कि

समावेशीको नाममा केन्द्रीय सदस्य भएको मात्रै पाइन्छ ।

नेतृहरूलाई मातहतको पार्टीले कुनै सार्वजनिक समारोहमा त्यति महत्व दिएको पाइँदैन । चुनाव नै जितेर आए पनि महिलाको नेतृत्वलाई स्वीकार गर्न निकै हम्मेहम्मे परेको देखिन्छ । यस्तो व्यवहारलाई पुरुषभित्रको पितृसत्ताको रूपमा लिन्छिन् एमाले नेतृ प्रभा कोइराला । 'पृष्ठभूमिले यसरी जरा गाडेर बसेको छ कि महिलाप्रतिको धारणामा परिवर्तन आउन अझै केही समय लाग्न सक्छ,' उनले भनिन् । एमाले कास्कीकी सदस्य प्रभाका पार्टीमा रहेर काम गर्दाका अनेक तीता अनुभवहरू छन् । ०४९ सालको कुरा हो, वडास्तरीय छलफलमा पार्टीको नीति र कार्यक्रमबारे प्रशिक्षण दिनुपर्ने थियो । प्रभाले राम्रै तयारी गरेर आएकी थिइन् । तर, उनको ठाउँमा अर्को पुरुषलाई बोल्न दिँदा उनी छक्क परिन् । ती पुरुष साथी कुनै तयारीबिना नै बोलिरहेको हुँदा कार्यक्रम सफल हुन सकेन । कसैले उनका क्षमतामाथि प्रश्न उठाएनन् । नेतृ कोइरालाले भनिन्, 'यदि कुनै महिलाले प्रशिक्षण दिँदा त्यसप्रकारले असफल भएको भए, उनको क्षमतामाथि प्रश्न उठाउँदै अन्य अवसरबाट वञ्चित गरिने थियो । तर, ती पुरुषसाथीको राजनीतिक जीवनमा त्यसप्रकारको अक्षमताले खासै असर पारेन ।'

नेपाली महिलाले ०४६ साल र ०६२/०६३ को आन्दोलनमा उत्साहजनक सहभागिता देखाएका थिए । कतिपयले ज्यानसमेत गुमाएका थिए । जनयुद्धमा महिला भूमिकाको धेरैले प्रशंसा गर्छन् । जनमुक्ति सेनामा महिलाको सहभागिताले गर्दा सेनामा समेत महिलालाई भर्ना लिने काम भएको छ । लोकतान्त्रिक आन्दोलनमा महिला सहभागिताको स्थितिलाई हेरेर तत्कालीन संसद्ले राज्यको प्रत्येक संरचनामा महिला सहभागितालाई सुनिश्चित गर्न हरेक क्षेत्रमा ३३ प्रतिशत महिलाको सहभागिताको घोषणा गरेको थियो । तर, त्यो घोषणाको कार्यान्वयन भने हुन सकेको छैन । 'भ्वाइलेन्स एगेन्स विमेन एन्ड एक्सिस टु जस्टिस'मा अनुसन्धान गरेका डा. गोविन्दबहादुर थापा महिलाप्रतिको भेदभाव हाम्रो संस्कारको प्रतिफल हो भन्छन् । पुरुषप्रधान संस्कारका कारण परिवर्तन आउन नसकेको उनको बुझाइ छ । महिला सहभागिताको कानुन बने पनि कार्यान्वयन हुन नसकेको र जातीय संस्कार पनि महिलामाथि थिचोमिचो गर्ने रहेको उनले बताए । लुम्बिनी अञ्चलका रूपन्देही, कपिलवस्तु र नवलपरासीमा गरिएको अध्ययनका आधारमा डा. थापा भन्छन्, 'जिम्मेवारी पाएका ठाउँमा महिलाले सफलतापूर्वक काम गरेको पाइएको छ ।'

राजनीतिक क्षेत्रले सबै क्षेत्रलाई निर्देशन गर्ने भएकोले राजनीतिमा महिलाको सहभागितालाई घनीभूत बनाउन आवश्यक छ । हामीकहाँ राज्यले समावेशी नीति लिएर विश्वको ध्यानाकर्षण गराउने काम त गरेको छ तर व्यवहारमा भने जिम्मेवारी दिन हिचकिचाउने र विभिन्न वहानामा पन्छाउने काम हुँदै आएको छ । त्यसैले समावेशीको सिद्धान्तको कुरा मात्र नभएर अब व्यवहारमै लागू गर्नका लागि सम्बद्ध सबै निकायबाट पहल हुनु जरुरी छ ।

*साभार : संचारिका फिचर सेवा*

*(पुन्य कास्कीबाट प्रकाशित हुने पोखरापत्र दैनिकका सम्पादक हुन्)*

## फिचर लेखका लागि अनुरोध

सञ्चारिका समूहले लैङ्गिक हिंसाविरुद्धको अभियानअन्तर्गत फिचर सेवा प्रारम्भ गरेको छ। प्रत्येक महिना प्रकाशित हुने फिचर सेवामा महिलामाथि हुने गरेका विविध हिंसामा आधारित पाँचवटा फिचर लेख समावेश हुनेछन्। फिचर सेवाका लागि नौदेखि ११ सय शब्दसम्मको फिचर लेख पठाउनका लागि फिचर लेखकहरूमा अनुरोध गरिन्छ। प्रकाशित गर्न उपयुक्त ठानिएको फिचरका लागि पारिश्रमिकस्वरूप रु. ३,०००/- (तीन हजार) प्रदान गरिनेछ। प्राप्त फिचर प्रकाशित गर्ने वा नगर्ने अधिकार सञ्चारिका समूहमा निहित रहनेछ।

यो फिचर सेवा मुलुकभरिबाट प्रकाशित हुने सबै पत्रपत्रिकालाई निःशुल्क उपलब्ध गराइनेछ। फिचर प्राप्त नभएको भए जानकारीका लागि समूहको केन्द्रीय कार्यालय काठमाडौंमा इमेल या टेलिफोनमार्फत खबर गरिदिनुहुन विभिन्न जिल्लास्थित पत्रपत्रिकाका सम्पादक तथा प्रकाशकज्यूहरूलाई अनुरोध गर्दछौँ। यो फिचर सेवा एफएम स्टेसनहरूका लागि पनि उपयोगी हुने विश्वास हामीले लिएका छौँ। फिचर उपयोग गर्न चाहने एफएम स्टेसनहरूलाई पनि सम्पर्कका लागि अनुरोध गर्दछौँ। फिचर प्रकाशित/प्रसारित गर्दा 'साभार : सञ्चारिका समूह' भनी उल्लेख गरिदिनुहुन आग्रह गर्दछौँ।

**युएनएफपीएको सहयोगमा संचारिका समूहद्वारा प्रकाशित**

**सम्पर्क ठेगाना**
सञ्चारिका समूह, एकान्तकुना, भनिमण्डल, ललितपुर
पोष्ट बक्स नं : १३२९३, काठमाडौं
फोन नं : ५५५११८२, ५०००५१९
इमेल : sancharika@wlink.com.np
वेभ साइड : www.sancharika.org

संयोजन/सम्पादन